
**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

**रु. १.५ मा**
**कलर भिजिटिङ कार्ड साथै**
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ११ गते शनिबार ❑ 25 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा महानगरको बजेट आठ अर्ब ७७ करोड ७५ लाख

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

भौगोलिक रूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० का लागि रु आठ अर्ब ७७ करोड ७५ लाख ५५ हजार बजेट ल्याएको छ।



महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले शुक्रबार साँझ महागनगरको ११ नगरसभामा पर्यटन प्रवर्द्धन, हरित, उत्थानशील र दिगो पूर्वाधार विकास, वातावरण संरक्षण तथा फोहोमैला व्यवस्थापन, संस्थागत विकास र सुशासन र स्वरोजगार, उद्यमशीलता तथा व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धनलाई प्राथमिकता दिएर आगामी वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो । चालू आर्थिक वर्षका लागि महानगरले रु छ अर्ब ४१ करोड १० लाख बजेट विनियोजन गरेकामा आगामी वर्षमा रु दुई अर्ब ३६ करोड ६५ लाख ५५ हजार बजेट वृद्धि भएको छ। बजेटका उद्देश्य तथा प्राथमिकताहरू पूरा गर्न प्रस्तावित कार्यक्रमका लागि विनियोजन गरिएको बजेटको स्रोत सङ्घीय सरकार अनुदान रु दुई अर्ब ५८ करोड ८६ लाख, प्रदेश सरकार अनुदान ११ करोड २८ लाख, आन्तरिक आम्दानी रु तीन अर्ब एक करोड रहेको उपप्रमुख गुरुङले बताउनुभयो । यसैगरी सङ्घीय राजश्व बाँडफाँटबाट रु ३७ करोड ३७ लाख, प्रदेश राजश्व बाँडफाँट रु एक करोड ४२ लाख ५२ हजार र न्यून हुन जाने रु दुई अर्ब ४० करोड ८१ लाख बजेट चालू आवको अन्त्यमा बचत हुने मौज्दातबाट व्यहोरिने बताइन्छ।

बजेटमा पूर्वाधार विकासतर्फ रु चार अर्ब ५३ करोड ६२ लाख, नगर कार्यपालिका कार्यालयतर्फ रु एक अर्ब २५ करोड ८७ लाख, सामाजिक विकासमा रु दुई अर्ब छ करोड ९२ लाख, शिक्षामा रु एक अर्ब ४९ करोड ३६ लाख, स्वास्थ्यतर्फ रु ५० करोड पाँच लाख, कृषितर्फ रु १६ करोड ७३ लाख ६५ हजार र वडा कार्यालयतर्फ रु ७२ करोड ६० लाख छुट्याइएको उपप्रमुख गुरुङले बताउनुभयो।

महानगरले पोखरा गौरवका आयोजना कार्यान्वयनका लागि रु ६५ करोड बजेट विनियोजन गरेको छ। पर्यटकीय पोखरालाई सुन्दर र पूर्वाधारयुक्त विकसित पर्यटनस्थलमा विकास गर्न मुख्यमुख्य स्थान र लेकसाइडको सौन्दर्यकरण, सुविधा सहितको ल्यान्डफिल साइट निर्माण, अटो भिलेज, पोखरा चक्रपथ, एयरपोर्टदेखि लेकसाइड फास्टट्र्याक, ट्राफिक व्यवस्थापन, पेवा हर्वल ट्रेक, ढल व्यवस्थापन लगायतका योजनालाई पोखरा गौरवका योजनामा राखेको छ।

महानगर अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि रु १२ करोड ८८ लाख बजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो । यसैगरी चालू वर्ष निर्माण सुरु भएका विभिन्न १५ वटा कनेक्टिङ सडक, १० वटा सहरी सडक तथा १५ वटा ग्रामीण सडकलाई क्रमागत र वहुवर्षीय योजनामा समावेश गरी रु ५५ करोड बजेट विनियोजन गरिएको छ । महागनरको सहरी क्षेत्रभित्र खाल्डारहित सडक बनाउने अभियानअन्तर्गत मुख्य सडकहरू अस्फाल्ट र शाखा सहरी सडक एवं कालोपत्र भएका सडकहरूको रिसिलिङका लागि रु १५ करोड रकम व्यवस्था गरिएको छ । यसैगरी तालचोक बेगनास खण्डको तीन किमी सडक चार लेन, दुईतर्फी साइकल लेन र हरियाली जोन सहितको पैदल ट्र्याक निर्माण आयोजनाका लागि ३० करोड बजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो।

विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न पेट्रोल पम्प र आवश्यक स्थानहरूमा विद्युतीय चार्जिङ केन्द्रहरू निजी क्षेत्र समेतको सहकार्यमा स्थापना गर्न रु सात करोड बजेट व्यवस्था गरिएको छ । महानगर क्षेत्र भित्रका नदीघाटहरूको संरक्षण, संवर्द्धन र नदी नियन्त्रण कार्यक्रमका लागि रु दुई करोड बजेट विनियोजन गरिएको छ । महानगरमा आकस्मिक सेवा व्यवस्थापनका लागि रु पाँच करोड छुट्याइएको छ । यसैगरी महानगरका सबै वडाहरूमा एक वडा, एक स्मार्ट शौचालय बनाउने नीति कार्यान्वयनका लागि रु पाँच करोड विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो । यसअघि पोखरा सभागृहमा साँझ ४ बजे बजेट कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम रहे पनि सभा सुरु भएलगत्तै सभामा बजेट प्रस्तुत नहुँदै रातो किताब छापिएको भन्दै एमालेबाट निर्वाचित सदस्यहरूले विरोध गरेपछि स्थगन भएको थियो। रातो किताबका सम्बन्धमा छानबिन गर्ने सहमतिपछि साँझ ७ बजे सभा पुनः सुरु भएर उपप्रमुख गुरुङले बजेट कार्यक्रम प्रस्तुत गर्नुभएको हो।

## स्थानीयतहको नीति तथा कार्यक्रम सार्वजनिक कतै उत्पादनमुखी, कतै वितरणमुखी

श्रीकृष्ण सिग्देल
**स्याङ्जा, १० असार**

आर्थिक बर्ष ०७९/०८० का लागि स्याङ्जाका स्थानीयतहले नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् । ११ ओटा स्थानीयतह रहेको स्याङ्जामा आगामी आर्थिक बर्षका लागि नीति तथा कार्यक्रम सगै बजेट पनि सार्वजनिक गरेका हुन् । ५ नगरपालिका र ६ गाँउपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रमले पालिकाको आगामी बाटो तय हुने छ। बैशाख ३० गते सम्पन्न स्थानीयतहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधिहरुको यो नीति तथा कार्यक्रम भने पहिलो हो । पालिकाहरुले सार्वजनिक गरेको नीति तथा कार्यक्रमले नागरिकको अत्याआवश्यक देखी पुर्वाधार सम्मका विकासे योजनाहरुलाई प्रथामिकतामा राखेका छन् । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, कृषि र रोजगारलाई प्रथामिकता दिएर नीति तथा कार्यक्रम बनाएका छन्। यही नीति तथा कार्यक्रममा रहेर बजेट पनि निर्माण गरेका छन्। पालिकाहरुले बनाएका केही महत्वकाक्षा नीति तथा कार्यक्रम कार्यन्वयन पक्षमा भने कत्तिको बलियो हुने छ भन्ने बिषय भने पर्खाइमा रहेको छ । कतिपय पालिकाले पुर्व जनप्रतिनिधिहरुले ल्याएका नीति तथा कार्यक्रमलाई निरन्तरता दिएको पाइएको छ भने कतिपय पालिकाले पुराना नीति तथा कार्यक्रमलाई प्रथामिकतामा नराखेको पाइएको छ । ११ ओटै पालिकाले स्याङ्जाको गौरवको आयोजनालाई भने बिर्षेका छन् । सबै पालिकाहरुको समन्वय नभएकाले पनि यो पटकको नीति तथा कार्यक्रममा गौरवको आयोजना समेट्न नसकेको तर्क वालिङ नगरपालिकाका निवर्तमान उपप्रमुख कल्पना तिवारीको भनाई छ । स्याङ्जाको समग्र विकासका लागि सबै पालिकाले चासो राख्नु आवश्यक छ तिवारीले भनिन्,' यसका लागि जिल्ला समन्वय समितिले समन्वय गर्नु पर्छ ।' निर्वाचनको बर्ष भएकाले पनि समन्वयमा कठिनाई भएको हुनसक्छ तिवारीले भनिन्।



२०७४ सालमा निर्वाचित भएका जनप्रतिनिधिले ५ बर्षमा खासै नागरमुखी काम गर्न नसकेको आरोप सर्वसाधरणको छ। गएको ५ बर्षमा जनप्रतिनिधिले पुरै समय काम गर्न नपाएकाले पनि नागरिकको आवश्यकतालाई पुरा गर्न नसकिएको पुर्व जनप्रतिनिधिहरु बताउछन्। १ बर्ष सिक्ने, २ बर्ष कोरोना संक्रमणले समस्या बनाएको उनीहरुको भनाई छ। जम्मा २ बर्ष स्थानीयतहले काम गर्ने बातावरण पाएकाले नागरिकले भने जस्तो काम गर्न नसकिएको जनप्रतिनिधिहरुले स्विकारेका छन् । गएको ५ बर्षमा सबै स्थानीयतहमा पुर्व जनप्रतिनिधिहरुले केही खाका बनाएका छन्। पुरानो खाका भएकाले पनि अहिलेका जनप्रतिनिधिहरुलाई काम गर्न सजिलो देखिएको छ। तर अधिकांश स्थानीयतहमा एउटै दलको कार्यपालिका नभएको र मिश्रित कार्यपालिकाले गर्दा अबको ५ बर्षको यात्रा सहज र कठिन देखिएको छ।

स्थानीयतहले असार १० गतेभित्र नीति तथा कार्यक्रम र बजेट ल्याउने पर्ने कानुनी व्यवस्था छ । सोही व्यवस्था अनुसार अहिले स्याङ्जाका स्थानीयतहरु नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारीमा छन्। अधिकांश पालिकाले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेका छन्।

**पुतलीबजार नगरको बजेट झण्डै ९१ करोड**

पुतलीबजार नगरपालिकाका उपप्रमुख देवी अर्यालद्धारा प्रस्तुत आर्थिक बर्ष २०७९/०८० को लागि ९० करोड ६४ लाख ८८ हजार बराबरको बजेट बहुमतले पारित भएको छ। बजेट मध्ये ३० करोड ९७ लाख १५ हजार रुपियाँ पुँजिगत तर्फ र ५९ ६७ लाख ७३ चालु खर्च तर्फ बिनियोजन भएको छ । बजेट मध्ये संघ सरकारबाट सशर्त अनुदान ४५ करोड ८२ लाख, समानीकरण अनुदानमा १५ करोड ९१ लख र समपुरक अनुदानमा १ करोड ४० लाख छ। प्रदेश सरकारको सशर्त अनुदानमा ५० लाख, समानीकरण अनुदान १ करोड ९२ लाख ७२ हजार, बिशेष अनुदान २० लाख, राजश्व बाँडफाँडबाट १ करोड ४४ लाख

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकीका संसदीय पत्रकार लुम्बिनीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

गण्डकी प्रदेशमा संसदीय पत्रकारितामा क्रियाशील पत्रकारले बहीबार लुम्बिनी प्रदेशसभा सचिवालय पुगी स्थलगत अवलोकनसँगै त्यहाँका सभामुख, आन्तरिम मामिला तथा सञ्चारमन्त्रीलगायतसँग छलफल एवं अन्तर्क्रिया गरेका छन्।

संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशको आयोजना एवं गण्डकी प्रदेशको कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयको सहयोगमा क्षमता अभिवृद्धिका लागि अध्ययन, अवलोकन र अनुभव आदानप्रदानसहितको तालिमका क्रममा दुईवटै प्रदेशका प्रदेशसभाका गतिविधिलगायतमा छलफल गरिएको थियो। छलफलमा लुम्बिनी प्रदेशका सभामुख पूर्णबहादुर घर्तीले प्रदेशसभाको यो कार्यकाल सकिनै लाग्दा यसबीचमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो। सीमित साधनस्रोतसँगै अनुभव आदिको कमीका बाबजुद यस अवधिमा सङ्घीयताको महत्वपूर्ण पक्षका रुपमा रहेको प्रदेशका आधारभूत संरचना तयार भएको अनुभव उहाँले सुनाउनुभयो । यसबीचको अभ्यास तथा उपलब्धिले आगामी दिनमा धेरै सहज हुने र यो अवधि सङ्घीयताको अभ्यासको महत्वपूर्ण दस्तावेज बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा सञ्चारमन्त्री तिलकराम शर्माले प्रदेशसभाको यस अवधिमा प्रदेशको आधार तयार भएको जनाउँदै यो अभ्यासले भावी दिनका लागि महत्वपूर्ण सहयोग पुऱ्याउने धारणा राख्नुभयो । लुम्बिनीमा संसदीय मामिलामा क्रियाशील पत्रकारसँग राम्रो समन्वय गर्दै अघि बढिएको बताउँदै उहाँले प्रदेशसभा एवं सरकारका गतिविधि बाहिर ल्याउन पत्रकारजगत्को भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । लुम्बिनी प्रदेशसभाका उपसभामुख कृष्णी थारुले लुम्बिनीले यस अवधिमा ६७ कानुन बनाएको जानकारी दिनुभयो । प्रदेशसभा सचिव दुर्लभकुमार पुनमगरले लुम्बिनी प्रदेशसभाको भौतिक संचनासँगै भइरहेका प्रयासबारे जानकारी गराउनुभयो । संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशका कार्यबाहक अध्यक्ष अमृत सुवेदीले प्रदेशसभा स्थापनाको समयदेखि नै त्यहाँका गतिविधिलाई संसदीय पत्रकारले निरन्तर सम्प्रेषण गरिरहेको जनाउँदै यस अवधिका भोगाइ र अनुभवबारे प्रकाश पार्नुभयो। संसदीय मामिला पत्रकार समाज लुम्बिनीका अध्यक्ष विष्णुप्रसाद घिमिरेले लुम्बिनीमा प्रदेशसभाको नया अभ्यास सुरु भएकै समयमा युनडिपीको सहयोगमा संसदीय पत्रकारिता तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो।

## देशलाई नयाँ युगतिर लैजाने सपना : प्रचण्ड

**रासस**
**काठमाडौं, १० असार**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशलाई नयाँ युगतिर लैजाने सपना रहेको बताउनुभएको छ।

नेपाल पर्वतारोहण सङ्घले शुक्रबार आयोजना गरेको कार्यक्रममा उहाँले देशलाई नयाँ युगतिर लैजानका लागि आफू फेरि एक पटक प्रधानमन्त्री हुने सपना रहेको बताउनुभएको हो । उहाँले परिवर्तन ल्याउन आफूले नेतृत्वदायी भूमिका खेलेको भन्दै देशको नेतृत्व गर्न पाए देशका विद्यमान तमाम

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

**सवारी दुर्घटनाबाट बचौं र बचाऔं।**

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## स्थानीयतहहरुका...

७६ हजार रुपैया छ। आन्तरिकतर्फ चालु आवको मौज्याद ७ करोड ९१ लख ३५ हजार अनुमान गरिएको छ । प्रादेश सरकारको नवपवर्तन कोष साझेदारी कार्यक्रममा ५ लाख मूल्य श्रृंखला आयोजनाको १८ लाख, सडक बोर्डको ६० लाख र जनसहभागितातर्फ २ करोज आय हुने अनुमान सहितको सो बजेट प्रस्तुत भएको हो ।

'शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार' भन्ने मूल नाराका साथ प्रस्तुत गरिएका नीति कार्यक्रम सहित बिभिन्न बिधेयक र बजेट पारित भएको छ । पुतलीबजार नगरप्रमुख तुलसीराम रेग्मीद्धारा प्रस्तुत नीति तथा कार्यक्रममा एकिकृत कृषि ब्यवस्थापन प्रणाली सहित किसान बर्गिकरण, हाम्रा पाखो गह्रा सबै हराभरा, सुन्तला सुपरजोन कार्यान्वयनमा जोड, हाइटेक सुन्तला नर्सरी, एक घर एक कागती, एक घर एक करेशाबारी, स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण, रैथाने बालीको संरक्षण, प्रांगारिक खेती प्रणालीलाई प्रवर्द्धन गर्ने लगायत छन् ।

स्मार्ट सिटीको अवधारणा तर्फ उन्मुख वालिङ नगरपालिकाले शिक्षा, स्वास्थ्य, पुर्वाधार र पर्यटनलाई जोड दिदै नीति तथा कार्यक्रम ल्याएको छ । नगरपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा युवा स्वरोजगारले प वालिङ नगरपालिकाले आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम वुधवार नगरपालिकाको सभाहलमा नगर प्रमुख कृष्ण खाँणले सार्वजनिक गरेका छन् । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, पूर्वाधार र पर्यटन विकासमा जोड दिईएको छ। स्मार्ट सिटीको रुपमा विगतको सरकारले ल्याएको कार्यक्रमलाई निरन्तरता दिदैं यो सरकारले शिक्षा र स्वास्थ्यका क्षेत्रमा नयाँ कार्यक्रमहरु समावेश गरेको छ । सोही नीति तथा कार्यक्रममा रहेर वालिङ नगर उपप्रमुख कविता तिवारीले आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न संघीय, प्रदेश र स्थानीय सरकारको गरी कुल ९१ करोड ८२ लाख २० हजार रुपैयाँको बजेट पेश गरेकी छन् । बिहिबार नगरसभामा प्रस्तुत बजेटको ४५.८ प्रतिशत चालुतर्फ तथा ५४.२ प्रतिशत पूँजीगत तर्फ रहेको छ । बजेटको आयस्रोतको रुपमा आन्तरिक आय, गत वर्षका अल्या, संघीय सरकारको राजश्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदान गरी जम्मा ८७ करोड ३१ लाख १३ हजार र प्रदेश सरकारबाट राजश्व बाँडफाँड, समानीकरण अनुदान, समपुरक अनुदान तथा सशर्त अनुदान गरी जम्मा ४ करोड ५१ लाख ७ हजार रहेका छन् । विनियोजित बजेट मध्ये सबैभन्दा धेरै सामाजिक विकासको लागि ४५ करोड १३ लाख ७८ हजार र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धी क्षेत्रको लागि १ करोड ३२ लाख ८४ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

यसै गरी चापाकोट नगरपालिकाले बाँजो जमिन नराख्ने नीति अगाडी सारेको छ । चापाकोटमा विमानस्थल बनाउने पुरानै नीतिलाई समेट्दै यसका लागि संघिय सरकारसगँ पहल गर्ने नीति अवलम्वन गरेको नगर प्रमुख देवबहादुर खाँणले बताए । चापाकोट नगर उपप्रमुख इशा रानाले आगामी आर्थिक बर्ष २०७९/०८० का लागि कुल ६१ करोड ३४ लाख ७८ हजार बजेट पेश गरेकी छन् । चालु तर्फ ४० करोड ५३ लाख ५२ हजार र पुँजीगत तर्फ २० करोड ८१ लाख २६ हजार बजेट विनियोजन गरेको उल्लेख गरेकी छन् । आगामी आर्थिक बर्षमा राजस्व र व्ययमा चालुतर्फ ६६.०८ प्रतिशत र पुँजीगत तर्फ ३३.९२ प्रतिशत विनियोजन गरेको रानाले उल्लेख गरेकी छन् ।

अर्जुनचौपारी गाँउपालिकाले आर्थिक बर्ष २०७९/०८० को लागि ४४ करोड १८ लाख १९ हजार बराबरको बजेट प्रस्ताब गरेको छ । पालिकाको ११ औं गाउँसभामा उपाध्यक्ष सपना गुरुङ्ले बिनियोजन बजेट मध्ये १४ करोड ३३ लाख ८९ हजार रुपियाँ पुजिगत तर्फ प्रस्ताब गरेकी छन् भने सात करोड ३९ लाख ३० हजार रुपियाँ चालु खर्च तर्फ प्रस्ताब गरेकी छन् ।

बजेटमा सशर्त अनुदान तर्फ १८ करोड ४५ रकम चालु तथा पुजिगत बजेट बिनियोजन भएको छ । आगामी बर्षको अनुमान गरिएको बजेटमा नेपाल सरकारबाट बित्तिय समानिकरण अनुदान नौ करोड चार लाख, राजस्व बाटफाटबाट छ करोड ७८ लाख २५ हजार, सशर्त अनुदान १८ करोड ४८ लाख, संघिय बिशेष अनुदान दुई करोड ३० लाख, प्रदेश सरकारबाट बित्तिय समानिकरण ९८ लाख ३९ हजार, समपुरक अनुदान ५० लाख, शसर्त अनुदान ५० लाख, प्रदेश राजस्व बाडफाड ३७ लाख ५५ हजार, संघ समपुरक ७० लाख, आन्तरिक राजस्वबाट ५५ लाख र अल्या चार करोड खर्च ब्यहोर्ने श्रोत रहेको छ ।

गाँउपालिकाले सडक सञ्जाललाई बढी प्रथामिकतामा राखेर नीति ल्याएको गाँउपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताए । स्वास्थ्य र शिक्षा लाई बढी जोड दिदै पालिकावासीको माग बमोजिम अगाडी बढ्ने नीतिलाई अवलम्वन गरेको बताए । बिहिवार र शुक्रवार गरेर जिल्लाका स्थानीयतहले नीति तथा कार्यक्र र बजेट सार्वजनिक गर्ने चटारोमा छन् ।

# असार अन्तिम साता पोखरामा 'इक्यान फेयर' हुने, विभिन्न उपसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्कीले असारको अन्तिम साता 'सातौं इक्यान कास्की एजुकेशनल फेयर' आयोजना गर्ने भएको छ ।

असार २४ र २५ गते हुने इक्यान फेयर पोखरा सभागृहमा हुनेछ । संस्थाका अध्यक्ष ईविन्द्रराज तिवारीको अध्यक्षतामा हालै बसेको वैठकले फेयरको मिति तय गरेका हो । एजुकेशनल फेयरमा ३९ वटा स्टल तथा प्याभेलीयन रहने बताइएको छ ।

मेलामा प्याभेलीयनबाट वैदेशिक अध्ययन परामर्शका लागी नेपाली विद्यार्थीहरुलाई विभिन्न कलेज तथा विश्व विद्यालयको भर्ना प्रक्रिया साथै सम्वन्धित देशको विद्यार्थी भिसा निति, अवसर, चुनौती सम्वन्धी आधिकारिक तथा प्रभावकारी सुचना एवं परामर्श निःशुल्क रुपमा दिइने आयोजकले जनाएको छ ।

बैठकले सातौं संस्करणको इक्यान फेयर सफल बनाउनका लागि युवराज पौडेलको संयोजकत्वमा मुल आयोजक समिति र विभिन्न उपसमितिहरु गठन गरेको छ ।

सचिवालय उपसमिति संयोजकमा सन्तोष शाही, वित्त तथा वजेट व्यवस्थापनको उपसमिति संयोजकमा युवराज पौडेल, प्रचारप्रसार संयोजकमा कमलनाथ बराल, अनुशासन तथा अनुगमन संयोजकमा रमेश थापा, प्रायोजक व्यवस्थापकमा देवबहादुर क्षेत्री, स्टल व्यवस्थापन संयोजकमा गणेश कार्की, कार्यक्रम व्यवस्थापन संयोजकमा विश्वकल्याण अधिकारी रहेका छन् । विदेशमा अध्ययन गर्नको लागि परामर्श सम्वन्धी जानकारी दिने उद्देश्यले आयोजना हुने एजुकेशनल फेयरमा शैक्षिक परामर्श व्यवसायीहरु, स्वदेशी शैक्षिक संस्थाहरु तथा अमेरिका, बेलायत, न्यूजिल्याण्ड, अष्टेलिया, आयरल्याण्ड, नर्वे, फिनल्याण्ड, जर्मनी, डेनमार्क, फ्रान्स, रुस, जापान, भारत, चीन, बंगलादेशलगायतका देशका कलेज तथा विश्वविद्यालयका प्रतिनिधिहरुको सहभागिता रहने इक्यान फेयरका संयोजक युवराज पौडेलले जानकारी दिए ।

# लायन्स टुरिजम सिटीको सहयोग सामुदायिक विद्यालयलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**



पोखराको लायन्स क्लव अफ पोखरा टुरिजम सिटीले सामाजिक उत्तरदायित्वको कार्यक्रम अर्न्तगत सामुदायिक विद्यालयका विद्यार्थीलाई पोशाक तथा झोला वितरण गरेको छ ।

पोखरा-३१ सुन्दरीडाँडा स्थित अरुणज्योती आधारभुत विद्यालयमा अध्ययनरत ५० जना छात्र छात्राका लागि स्पोर्टस ट्र्याक सुट तथा स्कुल व्याग सहयोग गरेको हो ।

कार्यक्रममा बोल्दै क्लबका अध्यक्ष एकराज गिरीले आफुले अक्षर चिनेको स्कुलमा सहयोग गर्न पाउँदा खुसी व्यक्त गर्नुभयो । उहाँले सामुदायिक स्कुललाई सबैले अपनत्व ग्रहण गरि गुणस्तरिय शिक्षा प्रदान गर्ने गरि शिक्षामा स्तरोन्नती गर्नुपर्ने बताउनुभयो । अरुणज्योती विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बीरेन्द्र ढकालले २०७२ सालको भुकम्पले क्षति पुर्‍याएको स्कुलमा सामाजिक संस्थाहरुकै सहयोगमा भौतिक पुर्वाधार निर्माण गर्न सकिएको बताउनुभयो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक राजेन्द्र पौडेल, मनिनेस ग्रुपका प्रकाश सुबेदी, क्लबका पुर्व अध्यक्ष सुदिप पौडल, निरज पन्त, लगायतले बोल्नुभएको थियो । क्लबका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव सन्जय मल्लले गर्नुभएको थियो ।

कार्यक्रममा मनिनेस ग्रुपले सहकार्य गरेको थियो । कार्यक्रममा क्लबका पूर्व अध्यक्ष विष्णुबावु खड्का, विनय थापा, पदम पाण्डे, रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जका मार्केटिंग म्यानेजर निराजन पौडेल, सुन्दरीडाँडा प्रहरी चौकीका इन्चार्ज गणेश सिंह ऐर लगायतको उपस्थिती रहेको थियो ।

## देशलाई...

विकृतिहरूमाथि निर्मम प्रहार गर्दै अघि बढ्ने बताउनुभयो ।

उहाँले आफू प्रधानमन्त्री हुँदा धैरै चीज सुधार गर्ने प्रयास गरेको भन्दै त्यसमा गर्व महसुस हुने गरेको बताउनुभयो । राष्ट्रिय एकता नै खण्डित हुने अवस्थामा मधेसलाई विश्वासमा लिएर चुनाव सम्पन्न गराएको पनि उहाँको भनाइ थियो ।

वामपन्थीहरूको बीचमा एकता गरेर स्थायित्वसहित विकास र सामाजिक न्यायमा आमूल परिवर्तन गर्न खोजे पनि त्यो सफल नभएको उहाँको भनाइ थियो । उहाँले पर्यटन क्षेत्रमा देखिएको समस्या समाधान गर्नका लागि सरकारसँग पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले मुलुकमा देखिएको आर्थिक सङ्कटलाई टार्नका लागि पर्यटक क्षेत्र एक मात्रै भरपर्दो माध्यम भएको उल्लेख गर्नुभयो ।

# शुभकामना गोल्डकपको फाइनलमा एभिनियर र हेम्जा युनाइटेड भिड्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

पोखरामा जारी छैटौं नेपाल आइस अन्तराष्ट्रिय आमन्त्रण शुभकामना गोल्डकपको फाइनलमा क्यामरुनी क्लब एभिनियर र हेम्जा युनाइटेड भिड्दैछन् ।

हेम्जा युनाइटेडको आयोजनामा पोखरा २५ हेम्जाको गौरीशंकर खेलमैदानमा शनिबार उपाधीका लागि आयोजक र एभिनियरबीच भिडन्त हुदैंछ । हेम्जाले सेमिफाइनलमा खुमलटार युथ क्लबलाई २-० गोलले हराउँदै फाइनल प्रवेश गरेको हो भने एभिनियरले चर्च ब्वाइज क्लबलाई २-१ गोलले हराउँदै फाइनलमा प्रवेश गरेको हो ।

शुक्रबार फाइनल खेल अघि गरिएको पत्रकारसम्मेलनमा बोल्दै आयोजक हेम्जा युनाइटेडका प्रशिक्षक सुवर्ण जंग कार्कीले आफुहरुले एभिनियर क्लबसंग नै फाइनल खेल्न चाहेको प्रतिक्रिया दिए । उनले एभिनियर विदेशी टिम भएकाले आफुहरुलाई खेल जित्न भन्दापनि खेलमा अनुभव



लिनु ठुलो कुरा रहेको बताए । 'खेलमा हार जित त हुन्छ नै । हामीपनि जितेरै यहाँसम्म आइपुगेका हौँ तर, एभिनियरसंग खेल्नु भनेको हाम्रो लागि नयाँ हो । हामीले विदेशी टिमसंग खेल्ने अनुभव घरमै लिने अवसर प्राप्त गरेका छौं' उनले भने । एभिनियर शारिरीक रुपमा बलियो रहेपनि आफुहरु त्यसका लागि तयार अवस्थामा रहेको सुनाए । हेम्जाका खेलाडी कमल थापा मगरले आफुहरु जित्नका लागि खेल्ने बताए । उनले टिम राम्रो रहेकाले सोहि अनुरुप खेल प्रदर्सन गर्ने बताए । एभिनियरका प्रशिक्षक आसिक थापा मगरले फाइनल खेल बराबरीको हुने प्रतिक्रिया दिए । 'फाइनल खेल हो सजिलो रुपमा हेर्न भएन । खेलमा हार जित त हुन्छ । हामीले पनि खेल्ने नै हो' उनले भने, 'हेम्जा पनि राम्रो टिम छ । हामी पुरानै फर्मेसनमा खेल्छौं । हाम्रा केहि खेलाडीले फाइनल गुमाउने हुदाँ हामीलाई अलिकति प्रभाव भने पर्नेनै छ । एभिनियरका गोलरक्षक तथा कप्तान कोभास्सिले फाइनलका लागि योजना बनाएर खेल्ने बताए । उनले आफुहरु जित्नका लागि आएको र फाइनल खेल उचाल्न भरपुर मिहेनत गर्ने बताए । असार असार ४ गतेदेखी सुरु भएको प्रतियोगितामा कुल ८ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगितामा विभागिय क्लब एपिएफ, चर्च ब्वाइज, विदेशी अफ्रिकनी टिम क्यामरुन, कमलटार, कालिका स्पोर्ट्स चितवन, बागमती युवा क्लब सर्लाही, विरगंज युनाइटेड र आयोजक हेम्जा युनाइटेड को सहभागिता रहेको थियो ।

प्रतियोगिताको विजेताले नगद ६ लाख रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । भने उपविजेताले नगद ३ लाख रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँको साथमा ट्रफि प्राप्त गर्नेछन् । सर्वाधिक गोलकर्ताले २५ हजार रुपैयाँ तथा उत्कृष्ट डिफेनडर, फिडफिल्डर, फरवार्ड, गोलरक्षक तथा उदीयमान खेलाडीले २०/२० हजार रुपैयाँ प्राप्त गर्नेछन् । अनुशासित टिमले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।


**महिला कर्मचारी आवश्यकता**

अनलाइन सेल्सको लागि सोसल मिडिया मार्केटिङ्ग गर्ने महिला कर्मचारी चाहियो

सङ्ख्या : ५ जना
योग्यता : +२, SLC/SEE वा सो सरह बेसीक कम्प्युटर ज्ञान भएको
Instagram, Facebook, Tik Tok र Google मा मार्केटिङ्ग गर्ने

Walk in Interview with your Biodata
Call/Whatsapp : 9813541600

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# एस ओ एसमा ६६ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, १० असार



३६ औं अन्तर्राष्ट्रिय एस ओ एस दिवसको अवसर पारेर आयोजना गरिएको रक्तदान कार्यक्रममा ६६ युनिट रगत संकलन भएको छ।

एस ओ एस युवालय गण्डकीको आयोजनामा रक्तदान कार्यक्रम गरिएको हो।

रोटरी क्लब अफ पोखरा अन्नपुर्णाका अध्यक्ष रामप्रसाद वस्ताकोटीले ब्लड ब्याग दिएर कार्यक्रमको उद्घाटन गरेका थिए। रक्तदान गर्नाले शरीरको रक्त संचारमा ठूलो सहयोग पुग्ने अन्नपुर्णाका अध्यक्ष वस्ताकोटीले भने। प्रत्यक्ष स्वास्थ्य र जनतासँग जोडिएको कार्यक्रममा आँफुले सदैव सहयोग गर्ने अध्यक्ष वस्ताकोटीले बताए। एस ओ एस युवालयका योजना निर्देशक प्रदिप भक्त आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा एस ओ एस युवालय गण्डकीका सह-निर्देशक बाबुराम वरालले स्वागत र रक्तदान कार्यक्रमका संयोजक रामचन्द्र पोखरेल संचालन गरेका थिए।

नेपाल रेडक्स सोसाइटीको क्षेत्रिय रक्तसंचार केन्द्र पोखराका प्राविधिक सँगै महेन्द्र केसीको समुहले सहयोग गरेको थियो।

# बागलुङ नगरपालिका नीति : 'बागलुङ नगर कृषि गाडी'

पोखरापत्र संवाददाता
बागलुङ, १० असार

बागलुङ नगरपालिकाले किसानका लागि आवश्यक मल, बीउ तथा कृषिजन्य उत्पादनको ढुवानीका लागि 'बागलुङ नगर कृषि गाडी' सञ्चालनमा ल्याउने भएको छ।

स्थानीय सहकारीसँगको सहकार्यमा कृषि गाडी सञ्चालनमा ल्याइने भएको हो। कृषि व्यावसायलाई प्रवर्द्धन गर्न नगरपालिकाको ५० प्रतिशत अनुदान तथा कृषि समूह र सहकारीको ५० प्रतिशत लागत सहभागितामा कृषि सञ्चालनको नीति ल्याइएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो "नगरपालिकाले आवश्यकताका आधारमा कृषि समूह वा सहकारीसँग प्रस्ताव माग गरेर कृषि गाडी खरिदका लागि अनुदानको व्यवस्था गरिने छ।" गाडीको व्यवस्थापन तथा सञ्चालन भने कृषि समूह वा सहकारीले गर्नेछन्।

बागलुङको ११औँ नगरसभामा आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख श्रेष्ठले कृषि उत्पादनमा प्रोत्साहन, बजारीकरणमा सहयोग र किसानलाई अनुदानका कार्यक्रम ल्याउने जानकारी दिनुभयो।

जैविकखेती प्रणालीलाई प्रवर्द्धन गर्न प्रत्येक पकेट क्षेत्रमा आइपिएम पाठशाला सञ्चालन गर्ने नीति नगरपालिकाले बनाएको छ। रासायनिक मल तथा विषादी प्रयोग नभएका कृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रलाई अर्गानिक कृषि क्षेत्रका रुपमा विकास गर्न नगरपालिकाले विशेष कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

कृषि उत्पादनको अधिक सम्भावना रहेका वडा नं ३ देखि १४ मा प्रतिवडा दुई/दुई जनाका दरले अगुवा कृषक छनोट गरी उनीहरूलाई कृषि ज्ञान, सीप, प्रविधिमा दक्ष बनाई नगर कृषक अभियन्ताका रुपमा परिचालन गरिने नगर श्रेष्ठले बताउनुभयो।

बाँदर नियन्त्रणका लागि नगरपालिकाले 'फुड फरेस्ट' कार्यक्रम अघि सारेको छ। सामुदायिक वन विकास कार्यक्रमलाई उत्पादन र रोजगारीसँग जोड्न सहयोग गर्ने कृषि बालीमा हानि पुऱ्याउने बाँदरलगायतका जीवजन्तुलाई प्राकृतिकरुपमा नियन्त्रण गर्न 'फुड फरेस्ट' कार्यक्रममार्फत बाँदर प्रभावित क्षेत्रमा टिमुर, ओखर, कागती, अदुवा, बेसार, केराखेती, मौरीपालन र पशुपालनलाई प्रवर्द्धन गरिने नगर श्रेष्ठले उल्लेख गर्नुभयो।

'जग्गाधनी र कृषकलाई जोडौं, जमिन बाँझो नछोडौं' भन्ने अभियानका साथ जग्गाधनी र कृषकबीच समन्वय गराइ नगर क्षेत्रभित्रका सबै बाँझो जमिनमा खेती गर्ने नीति नगरले ल्याएको छ।

# सफल निरमाया दोहोरी साँझ १८ औं वर्षमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १० असार

पोखराको चिप्लेढुंगामा रहेको सफल निरमाया दोहोरी साँझ तथा रेष्टुरेण्ट प्रा.लि.ले १८ औं वार्षिकोत्सवको अवसर पारी १८ औं वार्षिकोत्सव कार्यक्रम २०७९ को आयोजना गर्ने भएको छ।

सफल निरमाया दोहोरी साँझ एण्ड रेष्टुरेण्ट प्रा.लि.ले आफ्नो स्थापनाको १७ वर्ष पार गरी १८ औं वर्षमा प्रवेश गरेको अवसर पारी आगामी असार १२ देखी १६ गते सम्म १८ औं वार्षिक उत्सव कार्यक्रमको आयोजना गर्न लागिएको प्रा.लि.का सञ्चालक जीवन गुरुङले जानकारी दिए।।

पाँच दिन सम्म सञ्चालन हुने उक्त कार्यक्रममा ख्यातिप्राप्त राष्ट्रिय कलाकारहरुको विशेष प्रस्तुती रहने छ। जस अन्तर्गत असार १२ गते आशा वि.सि., १३ गते चिज गुरुङ, १४ गते गीता पाइजा, १५ गते श्याम राना मगर र प्रत्येक दिन अंशु गुरुङको नृत्य रहने समेत सञ्चालक गुरुङले जानकारी दिए।

त्यसैगरी दोहोरी साँझका नियमित कलाकारहरु टेक क्षेत्री, टस गुरुङ, किसान नेपाली, ईन्द्रा गुरुङ, बत्ति थापा, चिना थापा, कल्पना आले, पूजा तामाङ, संगीता सुनार, प्रशान्त तामाङ, बिकास मगर, ललिता पुन, सरिता राई, गुप्त गुरुङ, विनोद गुरुङ, पाण्डव गुरुङ, युमिन्द गुरुङ र सञ्जय गायकको साथमा विभिन्न नृत्यहरु प्रस्तुती रहने आयोजकले जनाएको छ।

# वालिङमा व्यावसायिक ड्रागनखेती सुरु

पोखरापत्र संवाददाता
वालिङ, १० असार

स्याङ्जाको वालिङ-१ धरमपानीमा व्यावसायिकरुपमा ड्रागनखेती सुरु भएको छ। वालिङ नगरपालिका-१ का कृष्णप्रसाद ढुङ्गानाले गत फागुनदेखि व्यावसायिकरुपमा ड्रागन खेती थाल्नुभएको हो।

ढुङ्गानाले ८० रोपनी जमिन भाडामा लिएर सुरुमा चार हजार बिरुवाबाट व्यवसाय थाल्नुभएको हो। यस क्षेत्रकै नयाँ र नौलो व्यवसायको थालनी उहाँले युट्युबको सहायतामा अगाडि बढाउनुभएको हो।

"युट्युब हेर्दै जाँदा ड्रागन खेतीकाबारेमा देखेपछि यस क्षेत्रमै नयाँ र सम्भावना देखेकाले व्यावसायिकरुपमा थालनी गर्ने सोँच बनाएँ", उहाँले भन्नुभयो, "सुरुमा जमिन भाडामा लिएर सम्याउने काम सकिएसँगै चार हजार बिरुवा लगाएर सुरुआत गरेको हुँ।" ८० रोपनी जमिनमा ३० हजार ड्रागनका बिरुवा लगाउने योजना उहाँको छ। तीस हजार बिरुवाका लागि उहाँले १० हजार सिमेन्टका खम्बा निर्माण गर्नुभएको छ भने प्रत्येक खम्बामा तीन/चार वटा बिरुवा लगाउने तयारीमा हुनुहुन्छ।

सिँचाइका लागि पर्याप्त पानीको आवश्यकता नपर्ने, हावापानी र माटो ड्रागनखेतीका लागि उपयुक्त भएकाले हालसम्म लगाएको बिरुवा राम्रो हुँदै गएको उहाँले बताउनुभयो। "वीरगञ्ज, विराटनगरबाट बेर्ना तथा बीउ ल्याएर लगाएको हुँ", उहाँले भन्नुभयो, "अहिले राम्रो हुँदै गएकाले अझै बिरुवा थप्दै विस्तार गर्दै जाने तयारीमा छु।" नयाँ र नौलो फल हुनुका साथै यसको माग पनि बढ्दै गएकाले उत्पादित वस्तुको बजारीकरणमा समस्या नहुने उहाँको धारणा छ। एकपटक रोपेपछि वर्षौंसम्म पनि फल दिने भएकाले पनि यो खेती सजिलो र पछिल्लो समय व्यावसायिकरुपमा गरिँदै गएको छ। फल र स्वाद दुवै स्थानीयका लागि नौलो भएकाले पनि उत्पादन गर्नसकेमा उत्पादन भएको ठाउँबाट नै बिक्री हुनसक्ने उहाँ बताउनुहुन्छ।

# तनहुँमा सय एक परिवारलाई लालपूर्जा वितरण

पोखरापत्र संवाददाता
दमौली, १० असार

जिल्ला नापी कार्यालय तनहुँले ऋषिङ-४ भिरकोटका एक सय एक परिवारलाई गाउँ ब्लकअन्तर्गत लालपूर्जा वितरण गरेको छ।

साविकको भिरकोट गाविसअन्तर्गत १७ गाउँ ब्लकमा नापी सम्पन्न भएपछि ती परिवारलाई लालपूर्जा वितरण गरिएको हो। गाउँ ब्लक नापी सम्पन्न भई दर्ता भइसकेका जग्गाधनीलाई लालपूर्जा वितरण गरिएको नापी कार्यालयका प्रमुख कृष्ण आचार्यले जानकारी दिनुभयो। ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ र नापी कार्यालय प्रमुख आचार्यले संयुक्त रूपमा पूर्जा वितरण गर्नुभएको हो।

पूर्जा पाएपछि स्थानीयवासी खुशी भएका छन्। पूर्जा नहुँदा उनीहरू व्यक्तिगत काम, बैङ्कबाट ऋण लिने, धितो राख्ने, बेचबिखन गर्न तथा अंशवण्डा गर्नबाट वञ्चित थिए। विसं २०२९ देखि २०३२ सम्म तनहुँमा पहिलो पटक नक्सानाप गरिएको थियो। तत्कालीन समयमा बाक्लो बस्ती बसेको ठाउँ र बस्ती नबसेको ठाउँमा गाउँ ब्लक भनेर एउटै कित्तामा जग्गा नापी गरिएको थियो। एकै ठाउँमा धेरै घर भएका ठाउँमा नापनक्सा गर्न छुटेको थियो। उक्त समयमा ती जग्गामा ब्लक नम्बर लेखिएको थियो। नापी कार्यालयले अहिले त्यही ब्लक नम्बर नापेर भोगचलनका आधारमा पूर्जा वितरण गरेको हो। कार्यालयले यसअघि तनहुँको आँबुखैरेनी र बन्दीपुर गाउँपालिकामा पनि गाउँ ब्लकअन्तर्गतका पूर्जा वितरण गरेको थियो। जिल्लामा २०७१ सालदेखि गाउँ ब्लक नाप्न थालिएको हो।

# पानीका मुहान संरक्षणमा जुटे डाँडाखेतवासी

पोखरापत्र संवाददाता
म्याग्दी, १० असार

वर्षाको समय जताततै मूल फुटेर पानीको छेलोखेलो हुनुपर्ने समयमा म्याग्दीका केही गाउँमा खानेपानीसमेत नपाएर स्थानीय हैरान भएका छन्। बेनी नगरपालिकाकाबगरफाँट,डाँडाखेत, थाकनपोखरीलगायतका ठाउँमा पानीको समस्या भएको हो।

खानेपानीको समस्या समाधानमा स्थानीय तह तथा अन्य सरकारी निकायले बेवास्ता गरेपछि बेनी-४ डाँडाखेतका उपभोक्ताले आर्थिक सङ्कलन गरी खानेपानीको मुहान संरक्षण गरेका छन्। भालुदुला खानेपानी उपभोक्ताको पहलमा संरक्षण भएको हो। सरोकारवाला निकायलाई पटकपटक अनुरोध गर्दासमेत बेवास्ताभएपछिउपभोक्ताले आफ्नै प्रयासमा आर्थिक सङ्कलन गरी मुहानको सरसफाइसहितको कार्य गरेको उपभोक्ता खोमराज पौडेलले जानकारी दिनुभयो। "मुहान संरक्षण नहुँदा खानेपानीको अभाव हुन थालेको थियो, अझै काम पूरा भएको छैन", पौडेलले भन्नुभयो। उपभोक्ताले पहिलो चरणमा रु एक लाख सात हजार खर्च गरेका थिए।" खानेपानीको मुहानबाट हाल २०० घरधुरीलाई समेत अभाव भइरहेको छ भने नियमित मर्मतसहित संरक्षण गर्न सकिएमा करिब ५०० घरधुरीलाई सहज हुने बताइएको छ। स्थानीय उपभोक्ताले बेनी नगरपालिका तथा अन्य सरकारी निकायबाट सहयोगको अपेक्षा गरेको बताएका छन्। यसैगरी बेनी -२ बगरफाँटमा फेरि पानीको हाहाकार भएको छ। १८ दिन पहिले पाइप मर्मत गरेर खानेपानी सञ्चालन गरिएको भए पनि बुधवार साँझदेखि खानेपानी नहुँदा यहाँका बासिन्दा खोला वा कुवामा धाउन बाध्य भएका छन्। मस्वा, उप्ल्लो खन्या र बार्े छहरोमा बाढीले मुहान र पाइपलाइनमा क्षति पुऱ्याएपछि यहाँका २०८ घर परिवारलाई खानेपानीको चरम समस्या भएको हो। गाउँमा रहेका २८ धारामा पानी नआएपछि यहाँका बासिन्दा कुवा र म्याग्दी नदीको धमिलो पानी उमालेर पिउन बाध्य भएका बेनी-२ बगरफाँटका टेकबहादुर कार्कीले बताउनुभयो। सो स्थानमा २१४ घरधुरी छ। विसं २०६९ मा बेनी-३ भकिम्ली र बेनी-२ ज्यामरुककोटका सिमानामा पर्ने कोप्रे खोलाको मुहानबाट पानी ल्याई बगरफाँटका २८ धारामा वितरण गरिएको थियो। रु ५४ लाखको लागतमा बगरफाँट खानेपानी तथा सरसफाइ आयोजनाले योजना सम्पन्न गरी गाउँमा खानेपानीको सुविधा उपलब्ध गराएको थियो। बगरफाँट खानेपानी उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर कार्कीका अनुसार पाइपलाइनको मर्मत कार्य भइरहेकाले अझै केही समय खानेपानीको समस्या हुने देखिएको छ। गाउँका पुछारमा म्याग्दी नदी र सिरानमा आप्रे, उडाइनो, मुलछहरी, कोप्रेखरनालागायत पानीका आधा दर्जन बढी स्रोत रहेका भए पनि ती पानीका स्रोतलाई व्यवस्थित गर्न नसक्दा यहाँका बासिन्दाले वर्षौंदेखि खाने पानीको समस्या भोग्दै आएका छन्।

# नेपाल एसिसी टी-ट्वान्टी च्याम्पियनसिपबाट बाहिरियो

रासस
काठमाडौं, १० असार

वर्षा बाधक बनेपछि नेपाल 'एसिसी महिला टी-ट्वान्टी च्याम्पियनसिप'बाट बाहिरिएको छ। मलेसियाको किनरारा ओभल क्रिकेट मैदानमा शुक्रबार भएको नेपाल र संयुक्त अरब इमिरेट्स (युएइ) बीच भइरहेको पहिलो सेमिफाइनल खेल वर्षाका कारण खेल रद्द भएपछि नेपाल प्रतियोगिताबाट बाहिरिएको हो। प्रतियोगिताको नियमअनुसार युएइ भने समूह ए को विजेताका रुपमा फाइनलमा पुग्दै एशिया कपमा समेत छनोट भएको छ। यसअघि युएइ समूहको विजेता बन्दै सेमिफाइनलमा पुगेको थियो भने नेपाल उपविजेताका रुपमा सेमिफाइनलमा पुगेको थियो।

टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको नेपालले युएइलाई ८१ रनमा अलआउट गरेको थियो। जीतका लागि ८२ रनको विजयी लक्ष्य पाएको नेपाल वर्षाका कारण जवाफी ब्याटिङ गर्न पाएन र नेपाल सेमिफाइनलबाटै बाहिरिन पुग्यो।

खेलमा युएइले १९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै ८१ रनमा समेटिएको थियो। युएइका लागि वैष्णवी महेशले सर्वाधिक १६ रन बनाइन् भने इशा रोहितले १५ तथा कप्तान छाया मुघलले १४ रन जोडिन्। त्यस्तै खुसी शर्मा १२ रनमा आउट भइन्। उत्कृष्ट बलिङ गरेको नेपालका लागि अस्मिना कर्माचार्य एक्लैले ५ विकेट लिइन् भने इन्दु बर्माले ३ तथा सीता रानाले २ विकेट हात पारिन्। समूह 'बी' मा रहेको नेपालले समूह चरणको खेलमा भुटान, कुवेत र बहराइनलाई पराजित गरेको थियो भने हङकङसँग पराजित भएको थियो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ४ वडा भित्र चौतारी निर्माण (महिला सेवा समिति) कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: वडा भित्र चौतारी निर्माण (महिला सेवा समिति)**
**स्थान: पोखरा-४ सिद्धार्थचोकदेखि वीपी चोक**
**योजना सुरु मिति : २०७९/०२/१९ गते**
**योजना सम्पन्न मिति: २०७९/०३/१० गते**
**योजनाको कुल लागत : रु. ३,१५,८२८.४२।-**
**जन सहभागिताबाट: १५,८२८.४२।-**
**पोखरा महानगरपालिका वडा नं. ४ बाट : रु. ३,००,०००।-**
**उपभोक्ता समिति अध्यक्ष: नर्वदा पराजुली**
**सदस्य संख्या: ७ जना**

**महिला सेवा समिति**
**पोखरा-४**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ बाम्दी बस्ती संरक्षण र हर्पन खोला नियन्त्रण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: बाम्दी बस्ती संरक्षण र हर्पन खोला नियन्त्रण**
**स्थान: पोखरा-२३**
**योजना सम्झौता मिति : २०७९/०१/१२ गते**
**योजना सुरु मिति: २०७९/०१/१३ गते**
**योजना सम्पन्न मिति: २०७९/०२/३० गते**
**योजनाको कुल लागत: रु. ११,१२,५१६.९१-**
**जन श्रमदानबाट: १,१२,५१६.९१-**
**पोखरा महानगरपालिकाबाट :रु. १०,००,०००-**
**उपभोक्ता समिति अध्यक्ष: भिम बहादुर राना**
**कोषाध्यक्ष: सपना थापा, सचिव: प्रेम प्रसाद पराजुली**
**सदस्य: जंग बहादुर राना, देविलाल पौडेल, कर्ण ब.राना**

**बाम्दी बस्ती संरक्षण र हर्पन खोला नियन्त्रण उपभोक्ता समिति पोखरा-२३**

# प्रदेश स्तरीय ब्याडमिन्ट प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० असार

कास्की जिल्ला ब्याडमिन्टन संघको आयोजनामा गण्डकी प्रदेश सतरीय ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै संघले पोखरा रंगशाला स्थित ब्याडमिन्टन कभर्ड हलमा प्रतियोगिताको आयोजना गरिएको हो । चार विधामा संचालन गरिएको प्रतियोगिताको पहिलो दिन महिला तर्फको क्वाटरफाइनल खेल सम्पन्न भएका छन् । महिला तर्फको एकल विधामा कास्कीकी अनु राना, दिलासा राना, आयुष्मा नेपाल र आकृति केसी सेमिफाइनलमा प्रवेश गरेकी छिन् । यस्तै डबल्स तर्फ कास्कीकी दिलिसा राना र यमकुमारी गुरुङको जोडी, कास्कीकै मेनुका गुरुङ र आयुष्मा नेपालको जोडी, आकृति केसी र अनुरानाको जोडी तथा कास्कीकी माया पुन र तनहुँकी रुवी श्रेष्ठको जोडि सेमिफाइनलमा प्रवेग गरेको छ।




दुई दिनसम्म चल्ने प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य राजेश गुरुङले गरे। उनले उद्घाटन पश्चात बोल्दै नवौं लक्षित प्रतियोगिता हुनु निकै महत्वपुर्ण कुरा रहेको बताए। उनले १३ औं सागमा ब्याडमिन्टन हल बनाउन सफल भएको र आज त्यहि प्रतियोगितामा प्रतियोगिता हुदाँ खेलाडीको खेल कौशलमा समेत वृद्धि हुने बताए । उनले गण्डकी प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वज कुमार गुरुङले ३ लाख बजेटको पंखा राख्ने प्रतिबद्धता व्यक्त गरेको स्मरण गर्दै यसले ब्याडमिन्ट खेलको विकासमा थप इट्टा थप्ने काम गरेको भनाई राखे । उनले खेलाडीले खेल खेल्न नपाउने अवस्थामा यसरी खेल हुदाँ खेलाडीको खेल प्रदर्सनीमा समेत ठुलो प्रभाव पर्ने बताए । यस्तै अब चाडैनै मदनभण्डारी स्पोर्ट्स एकेडेमीले समेत ब्याडमिन्टन प्रतियोगिताको आयोजना गने प्रतिबद्धता ब्यक्त गरे । सोहि क्रममा बोल्दै खेल संयोजक अमृत पोखेलले प्रतियोगिताले खेलाडीको खेल स्तर वृद्धि गर्न मद्धत पुग्नेमा आशावादी रहेको बताए । उनले २ दिनका लागि प्रतियोगिता गर्नु समय थोरै भएपनि फलदायी हुनेमा संघको विश्वास रहेको सुनाए। प्रतियोगिता नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै आयोजना गरिएको जानकारी उनले दिए। प्रतियोगिता संचाललन सचिव इन्द्र तिमिल्सिनाले गरेका थिए। प्रतियोगितामा पुरुष एकल, पुरुष डबल, महिला एकल र डबल तर्फ प्रतिस्पर्धा भइरहेको छ । प्रतियोगिताको पुरुष एकल तर्फ प्रथम हुनेले २० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र तथा दोस्रो र तेस्रोले समान १०/१० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । पुरुष डबल तर्फ प्रथम हुनेले ४० हजार रुपैयाँ, दोस्रोले २५ हजार र तेस्रोले २० हजार रुपैयाँ सहित उनीहरुले शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै महिला एकल तर्फ प्रथम हुनेले १५ हजार रुपैयाँ, दोसो र तेस्रोले समान १०/१० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । महिला डबल्सको प्रथम हुनेले ३० हजार रुपैयाँ, दोस्रोले २० हजार रुपैयाँ तथा तेस्रो हुनेले १० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता गर्न करिब ४ लाख ४५ हजार खर्च लाग्ने अनुमान गरिएको छ।

# नेल्टाको आयोजनामा कावासोतीमा खुद्रा विषादी बिक्रेता तथा बिउबिजन

पोखरापत्र संवाददाता
पोखरा, १० असार

नेपाल पशु स्वास्थ्य सेवा प्राविधिक संघ (नेल्टा) नवलपुरको आयोजनामा खुद्रा विषादी बिक्रेता तथा बिउबिजन सम्वन्धी तालिम शुरु भएको छ।

नवलपुरको कावासोतीमा आयोजित तालिम १७ गतेसम्म चल्ने छ । तालिममा देशभरका ६५ जनाको सहभागिता रहेको छ । कृषिजन्य उत्पादनसँग सम्वन्धित विषादी तथा बिउबिजन बिक्रेतालाई दक्ष बनाउन तालिम आयोजना गरिएको नेल्टाका महासचिव सुरेश कुममार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार, नेल्टाले प्राथमिकताका साथ कृषि क्षेत्रसँग सम्वन्धित तालिमहरु संचालन गर्दै आएको छ। तालिमको उद्घाटन गर्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य गुरु बरालले मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउनुपर्ने औंल्याउनुभयो । उहाँले कृषि उत्पादन बढाउन प्राविधिक मेरुदण्ड भएको उल्लेख गर्नुभयो।



नेता बरालले सबै मिलेर समृद्धिको अभियान शुरु गर्नुपर्नेमा जोड दिनुभयो। गण्डकी प्रदेश सभा सदस्य ओमकला गौतमले हरेक व्यक्ति जिम्मेबार बन्न आवश्यक रहेको बताउनुभयो । प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका प्रमुख सहदेव हुमागाइले रसायनीक विषादीको प्रयोग बढेको भन्दै त्यसको विकल्प खोज्नुपर्ने समय आएको बताउनुभयो । नेपाली काँग्रेस कास्कीका सहसचिव नवीन सिग्देलले सीप जीवन जीउँनका लागि महत्वपूर्ण हतियार भएको उल्लेख गर्नुभयो। नेल्टा कृषकको साथीको रुपमा रहेर ग्रामिण क्षेत्रका कृषकहरुलाई सेवा पुऱ्याएको भन्दै प्रशंसा गर्नुभयो। कार्यक्रममा नेल्टाका महासचिव सुरेश कुमार श्रेष्ठ, काँग्रेस नेता प्रदीप शर्मा, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका बरिष्ठ बाली संरक्षण अधिकृत माधव भट्ट, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरका प्रमुख डा. ऋषभ गुरागाई, नेल्टाका केन्द्रीय सल्लाहाकार महेन्द्र भण्डारी, उपाध्यक्ष दिलमाया श्रेष्ठलगायतले बोल्नु भएको केन्द्रीय सदस्य डिल्लीराम रेग्मीले जानकारी दिनुभयो । नेल्टा नवलपुरका अध्यक्ष विकास कुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य बुद्धि देउजाले स्वागत र उपाध्यक्ष राधा भुषालले संचालन गर्नुभएको थियो।

# खिवाङ सिँचाइ आयोजना अधुरै

पोखरापत्र संवाददाता
म्याग्दी, १० असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ को खिवाङ सिँचाइ आयोजना अधुरै रहेको छ । चालु आर्थिक वर्षमा रु ५० लाख विनियोजन भएको उक्त आयोजना निर्माणको जिम्मा लिएका व्यवसायीले काम नगरेपछि ठेक्का सम्झौता तोडिएको छ।

सम्झौताको म्याद सकिने अवधिसम्म कार्यान्वयन नभएपछि ठोक्का रद्द गरी बजेट फिर्ता भएपछि कृषक मर्कामा परेका छन् । अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरणप्रसाद शर्मा पौडेलले पत्राचार र फोनमार्फत ताकेता गर्दा पनि निर्माण व्यवसायीले काम सुरु नगरेपछि ठेक्का तोडिएको बताउनुभयो।

"२०७९ असार ७ गतेसम्मको म्याद भएको आयोजना निर्माणनै सुरु नगरेका निर्माण कम्पनीको जमानत फिर्ता गर्न बैंकलाई पत्र पठाएका छौं," उहाँले भन्नुभयो "सार्वजनिक खरिद ऐनमा उल्लेखित व्यवस्था र कार्यपालिकाको गत जेठ ३० गतेको बैठकको निर्णयअनुसार निर्धारित समयमा काम गर्न नसकेकाले ठेक्का तोडिएको हो।" गत वर्ष फागुन ८ गते दाङको घोराही उपमहानगरपालिका-१६ को सुकृत निर्माण सेवाले रु ३४ लाख ४६ हजारमा सो सिँचाइ आयोजनाको ठेक्का सम्झौता गरेको थियो । सो योजनाका लागि गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा ससर्त शीर्षकमा रु ५० लाख विनियोजन गरेको थियो । प्रतिस्पर्धामार्फत ठेक्का पाएको सो कम्पनीले हालसम्म कुनै पनि काम नगरेको गाउँपालिकाका इञ्जिनियर ईश्वरबहादुर भण्डारीले बताउनुभयो । सुकृतको जमानत बसेको हिमालयन बैंक लिमिटेडलाई रु चार लाख ९३ हजार जमानत गाउँपालिकाको खातामा जम्मा गर्न यही असार १ गते पत्राचार गरिएको हो।

गत वर्ष फागुन ८ गते कार्यादेश पाएको निर्माण कम्पनीलाई गाउँपालिकाले गत वर्ष चैत २८, यही वैशाख १४, जेठ ४, १२ र २३ गते पत्रमार्फत ताकेता गरेको थियो । पाइपलाइन, इन्टेकलगायतका संरचना बनाएर खिवाङको खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले बजेट विनियोजन भएको योजना काम नै सुरु नभई फ्रिज हुदाँ कृषक निराश बनेका वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो। दुई सय परिवारको ५०० रोपनीभन्दा बढी जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको थियो।

निर्माण व्यवसायीको लापरबाहीले बजेट विनियोजन भएको योजना कार्यान्वयन नहुने र कृषकले सिँचाइ अभावको समस्या भोग्नुपर्ने दुःखद् अवस्था आएको वडाध्यक्ष खड्काले बताउनुभयो । खिवाङ आलु र तरकारी खेतीको पकेट क्षेत्र हो । मकै र कोदो खेती हुने खिवाङ मुनिको फाँटमा धानबाली हुन्छ । सिँचाइ सुबिधा नहुँदा त्यहाँका कृषकलाई खेतीबाली लगाउन समस्या भएको छ।

# हरिनासको नीति तथा कार्यक्रम सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, १० असार

हरिनास गाउपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम सार्वजनिक भएको छ।

शुक्रबार कुल ४१ करोड ७७ लाख ४४ हजारको बजेट सार्बजनिक भएको छ । हरिनासको ११औं गाउँसभाको नीति तथा कार्यक्रममा जनतासँग अध्यक्ष तथा सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम लगायत विभिन्न क्षेत्रलाई पकेट क्षेत्र छुट्याई कृषिमा आत्मनिर्भर हरिनास बनाइने, शैक्षिक गुणस्तर बिकासमा विशेष योजना, स्वास्थमा हरिनासवासीको सहज पहुच, दलित समुदाय लक्षित विशेष कार्यक्रम, महिलालाई आय आर्जनमा



आत्मनिर्भर बनाउने, युवालाई खेलकुदमा विशेष प्रशिक्षण, युवा स्वरोजगारमा विशेष जोड, भौतिक पूर्वाधार तर्फ बाटो, बत्ति, पानी, सिचाई, सामुदायिक भवन लगायतमा विशेष लगानी गर्ने रहेको छ। पर्यटन लक्षित कार्यक्रम, प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा संचालित योजनाहरुको निरन्तरता, कच्चा पदार्थ उपलब्धताको आधारमा औधोगिकसम्भाव्यताकोअध्ययन लागाएतका कार्यक्रम सार्वजनिक गरेको छ।

नीति तथा कार्यक्रम सर्बसम्मत पारित भएको छ भने १५ गतेभित्र बजेट भाषण मार्फत सार्वजनिक गरिने छ। कार्यक्रम संचालन प्रमुख प्रशासकीय परसुराम पोखेरल गर्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता पालिका प्रमुख खिमनारायण मानन्धरले गर्नु भएको थियो।

सो अवसरमा स्वागत मन्तव्य गाउपालिका उपाध्यक्ष इन्द्र कुमारी थापा राना, शुभकामना मन्तव्य कार्यपलिका सदस्य उजेली परियार, वडा नं २ का अध्यक्ष चित्र बहादुर सिंजाली लगायतले गर्नु भएको थियो।


# उपकार बचत तथा ऋण सहकारी संस्था लि.
## वालिङ, स्याङजा

## धितो लिलामी हुने बारेको सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०७९/०३/११ गते पोखरापत्र राष्ट्रिय दैनिक)**

तपशिलमा उल्लेखित शेयर सदस्यहरुले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँबा, ब्याज र हर्जना रकम तिर्न बुझाउन पटक पटक मौखिक एंव लिखित ताकेता गर्दा समेत कर्जा दायित्व फछ्र्यौट गर्ने तदारुकता नदेखाई संस्थालाई तिर्नु बुझाउनु पर्ने नबुझाई संस्था संग भएको कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेकोले उक्त ऋण असुलीको लागि सहकारी ऐन २०७४ परिच्छेद १४ दफा ७९ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ दफा ३० र यस संस्थाको बिनियमको परिच्छेद ६ नियम २६ अनुसार दोश्रो पटक धितो लिलाम सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र धितो सकार गरि लिन चाहने ब्यक्तिले आफुले कबुल गरेको रकम सहितको गोप्य शिलबन्दी वोल पत्र पेश गर्नुहुन जानकारी गराईन्छ। लिलामको लागि तोकिएको अघिल्लो दिनसम्म पनि ऋणिले सो दिन सम्मको आँफूले तिर्नु बुझाउनु पर्ने संपूर्ण रकम चुक्ता गरेको अबस्थामा लिलाम कार्य रोकिने छ अन्यथा धितो लिलामीबाट संस्थाको लेना रकम असुल गरिने छ, धितो लिलामी गर्दा समेत असुल हुन बाँकी रहेमा कानून बमोजिम ऋणी र धन जमानी दिनेको अन्य जायजेथा श्री सम्पत्तिबाट असुल गरिने छ। धितो लेखि दिएको संपत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गरि लिदा मेरो र हाम्रो संपत्ति कम मुल्यमा बिक्री भयो वा संस्थाले लियो भनि कही कतै उजुर बाजुर गर्न पाइने छैन। साथै सुरक्षणमा रहेको धितो सम्पत्ति लिलाम गर्दा समेत यस संस्थाको लिनु पर्ने रकम अशुल नभएको अबस्थामा सम्बन्धित ऋणी र जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरि लिने र ऋणी र जमानीकर्तालाई सहकारी ऐन २०७४ दफा ८० र प्रचलित कानून बमोजिम कालो सूचीमा नाम समाबेस गर्ने प्रकृयामा पठाइने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। धितो लिलाम हुने कर्जाग्राही सदस्यहरुलाई लिलाम हुने स्थानमा उपस्थित हुन यसै सूचनाबाट सूचित गरिन्छ।

| क. स | ऋणीको नाम,थर | लिलाम हुने धितोको बिबरण |
|---|---|---|
| २ |  **ऋणीको नाम : श्री बिश्वचक्र त्रिपाठी**<br>बाबुको नाम : श्री गणेश दत्त त्रिपाठी<br>बजेको नाम : श्री लालु राम त्रिपाठी<br>ठेगानाः स्याङजा जिल्ला साबिक दार्सिङ दहथुम गा.बि.स. ९, हाल भिरकोट न.पा.२ दहथुम<br>नागरिकता प्रमाण पत्र नं. १२८९ स्याङजा<br>जारी मिति २०३७।८।४<br>**धन जमानी**<br>**नाम : श्री कमल त्रिपाठी**<br> बाबुको नाम : श्री गणेश दत्त त्रिपाठी<br>बजेको नाम : श्री लालु राम त्रिपाठी<br>ठेगानाः स्याङजा जिल्ला साबिक दार्सिङ दहथुम गा.बि.स. ९, हाल भिरकोट न.पा.२ दहथुम<br>नागरिकता प्रमाण पत्र नं.७८४२ स्याङजा<br>जारी मिति २०४८।६।८ | श्री लालुराम त्रिपाठीको नाति श्री गणेश दत्त त्रिपाठी को छोरा श्री बिश्वचक्र त्रिपाठीका मालपोत कार्यालय स्याङजामा दर्ता श्रेस्ता कायम भएको स्याङजा जिल्ला साबिक दार्सिङ दहथुम गा.बि.स वडा नं ९ को कि. न २१५० को क्षेत्रफल रो.आ.पै.दा.०-२-२-० को जग्गा र सोमा बनेको घरगोठ तथा लिगलिगापात समेत। |
| ३ |  **ऋणीको नाम : श्री राम कुमार बि.क.**<br>बाबुको नाम : श्री भागिरथ बि.क.<br>बाजेको नाम : श्री मित्रलाल बि.क.<br>ठेगानाः स्याङजा जिल्ला साबिक चापाकोट गा.बि.स.२, हाल ९ बैडी स्याङजा<br>नागरिकता प्रमाण पत्र नं.४८९५ स्याङजा<br>जारी मिति २०५८।९।२० |  श्री लालगोपाल बि.क.को नाति श्री मित्रलाल बि.क. को छोरा श्री भागीरथ बि.क का नाममा मालपोत कार्यालय स्याङजामा दर्ता श्रेस्ता कायम भएको स्याङजा जिल्ला साबिक चापाकोट गा.बि.स.वडा नं १ को.कि.न १२२७ र १२३४को क्षेत्रफल क्रमसः ०-१५-१-० र ०-११-३-३ को जग्गा र सोमा बनेको घरगोठ तथा लिगलिगापात समेत |

**लिलाम बिक्रीको कार्यक्रम**
मिति :- २०७९ साल असार महिना १९ गते आइतबार
समय :- दिनको ठीक ११:०० बजे
स्थान :- संस्थाको कार्यालय वालिङ स्याङजा

**धितो लिलामी सम्बन्धी अन्य शर्तहरु :**
१. लिलाम बिक्री हुने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट लिलाम बिक्री गरिनेछ।
२. लिलाम बिक्री सकार गर्नेले कुनै शर्त राख्न पाइने छैन।
३. लिलाम बिक्री सकार गर्नेले सक्कलै नागरिकता वा संगठित संस्था भएमा रितपूर्बकको अख्तियारी र संस्था दर्ता सम्बन्धि कागजात सहित उपस्थित हुनुपर्नेछ
४. सबैभन्दा बढी रकम कबुल गर्ने ब्यक्ति वा संगठित संस्थाको नाममा लिलाम बिक्री सकार गरीने छ।
५. लिलाम बिक्री सकार गर्ने ब्यक्ति वा संगठित संस्थाले आफुले कबुल गरेको रकमको १० प्रतिशत रकम सोहि दिन संस्थाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ। बाँकी रकम लिलाम बिक्री कबोल गरेको मितिले ७ (सात) दिन भित्र दाखिला गर्नु पर्नेछ। सो भाका भित्र बांकी रकम दाखिला नगरे मा धरौटी रकम फिर्ता हुने छैन।
६. लिलाम बिक्रीमा रितपूर्बक बोलपत्र नपरेमा वा लिलाम बढाबढमा कोही सहभागि नभएको अबस्थामा सहकारी ऐन २०७४ को दफा ७९ उपदफा ६ र सहकारी नियमावली २०७५ को दफा ३५ बमोजिम धितो सुरक्षण संपत्ति संस्था आफैले सकार गरि लिन सक्ने छ।
७ सम्पत्ति दाखिल खारेज गर्दा लाग्ने नेपाल सरकारको सम्पूर्ण कर (लाभ कर समेत) वा राजश्व सकार गर्ने ब्यक्ति आफैले तिर्नुपर्नेछ।
८. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा संस्थामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
९. लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ।

**नोट– थप जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।**